National News

April 29th, 2026

Wednesday

<u>प्रमुख समाचार:</u>

1. पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरण सम्पन्न

२. प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा मेरठलाई प्रयागराजसँग जोड्ने गंगा एक्सप्रेसवेको उद्घाटन

३. पश्चिम एसियामा विकसित परिस्थितिको बाबजुद पनि देशभर घरेलु एलपीजी आपूर्ति सहज रूपमा जारी रहेको सरकारको आश्वासन

४. मुसलधारे वर्षाको कारण मिजोरममा जनजीवन अस्तव्यस्त

५. आईपीएल क्रिकेटमा, मुम्बई इन्डियन्सले आज साँझ सनराइजर्स हैदराबादको सामना गर्ने

## १. West Bengal Election

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणमा सात जिल्लाका १४२ निर्वाचन क्षेत्रमा आज मतदान सम्पन्न भयो। मतदान साँझ ६ बजेसम्म जारी रहेको थियो। प्राप्त समाचारअनुसार साँज ५ बजेसम्म ९० प्रतिशत मतदाता भएको रिपोर्ट गरिएको छ। केही छिटपुट घटना बाहेक आज मतदान धेरै हदसम्म शान्तिपूर्ण भएको बताइएको छ।

## २. PM - UP

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको हरदोई जिल्लामा ५९४ किलोमिटर लामो गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुभयो। यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो, जसरी गंगा हजारौं वर्षदेखि उत्तर प्रदेशको जीवनरेखा बनेको छ, त्यसरी नै यो एक्सप्रेसवे पनि राज्यको विकासको लागि नयाँ जीवनरेखा बन्नेछ।

## ३. PM Article

प्रधानमन्त्री नरेन्द्र मोदीले आज श्रम तथा रोजगार मन्त्री मनसुख मांडवियाद्वारा लिखित लेख साझा गर्नुभयो, जसमा देशमा महिला रोजगारी दरमा भएको उल्लेखनीय वृद्धिलाई प्रकाश पारिएको छ। सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्रीले २०१७ मा महिला रोजगारी दर २२ प्रतिशतबाट वृद्धि भएर २०२५ मा ३९ प्रतिशत भएकोमा खुशी व्यक्त गर्नुभयो।

## 4. Govt – West Asia Briefing

पश्चिम एसियामा विकसित परिस्थितिको बाबजुद पनि, सरकारले आज देशभर घरेलु एलपीजी आपूर्ति कुनै पनि अवरोध बिना सहज रूपमा जारी रहेको आश्वासन दिएको छ। नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय समीक्षालाई ब्रीफिंग गर्दै, पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सचिव सुजाता शर्माले देशभरका एलपीजी वितरकहरूबाट एलपीजी अभावको कुनै रिपोर्ट नआएको बताउनुभयो।

## ५. Fact Check – Petrol

सामाजिक सञ्जालमा पेट्रोल र डिजेलको मूल्य वृद्धि भएको भन्ने खबरलाई पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले नक्कली भन्दै खारेज गरेको  छ। पत्र सूचना कार्यालयको तथ्य जाँच इकाईले सरकारले त्यस्तो कुनै पनि आदेश जारी नगरेको  स्पष्ट पारेको छ। सरकारले मानिसहरूलाई जानकारी साझा गर्नुअघि आधिकारिक स्रोतहरूबाट प्रमाणित गर्न आग्रह गरेको छ।

## ६. Jaishankar – Diplomacy

विदेशमन्त्री डा. एस. जयशंकरले आज अस्थिर र अशान्त संसारमा भारतीय कूटनीति राष्ट्रिय हितको रक्षा गर्न र राष्ट्रिय लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले  नयाँ दिल्लीमा आयोजित ११ औं मिसन प्रमुख सम्मेलनमा भारतीय उच्चायुक्त, राजदूत र विदेश मन्त्रालयका वरिष्ठ अधिकारीहरूलाई सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। डा. जयशंकरले विगत एक दशकमा विश्वसँग भारतको संलग्नताको उल्लेखनीय विस्तारलाई सम्मेलनले प्रकाश पारेको बताउनुभयो।

७. NZ PM– Free Trade Agreement

न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौता (FTA) लाई ऐतिहासिक अवसरको रूपमा वर्णन गर्नुभएको छ। उहाँले भारतीय बजारको विशाल आकार र सम्भावनालाई प्रकाश पार्नुभएको छ। सामाजिक सञ्जालको एक भिडियो सन्देशमा श्री लक्सनले विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश र द्रुत गतिमा बढ्दो उपभोक्ता अर्थतन्त्रको रूपमा भारतको उदय भएको उल्लेख गर्नुभयो।

८. SC – Students Enrolment

सर्वोच्च अदालतले शिक्षा अधिकार ऐन अन्तर्गत विद्यार्थीहरूको अनिवार्य भर्ना सम्बन्धी प्रावधानलाई यथावत् राख्दै यसलाई राष्ट्रिय महत्वको विषय भएको जनाएको छ।

९. Lord Buddha- sacred relics

भगवान बुद्धका पवित्र अवशेषहरू लद्दाख आइपुगेका छन्। यसलाई अर्को महिनाको १ देखि १५ तारिखसम्म प्रदर्शनीमा राखिनेछ। यी अवशेषहरूले भगवान बुद्धको जीवित उपस्थिति र उहाँका विश्वव्यापी शिक्षाहरूको प्रतिनिधित्व गर्छन्।

१०. Kargil Utsav

लद्दाखमा द्रासलाई छुट्टै जिल्ला बनाउने सरकारको ऐतिहासिक निर्णयपछि, आज यस क्षेत्रमा उल्लासमय वातावरण छाएको छ। मानिसहरूले उत्साहपूर्वक यो ऐतिहासिक क्षण मनाइरहेका छन्।

११. IMD - Mizoram

निरन्तर भारी वर्षा र हावाहुरीले मिजोरममा सामान्य जीवनलाई बाधा पुर्‍याएको छ। अविरल वर्षाले चट्टान खस्ने र पहिरोको जोखिम बढाएको छ। मौसम विभागले धेरै जिल्लाहरूमा भारी वर्षा रेकर्ड गरेको छ। शुक्रबारसम्म ६० किलोमिटर प्रतिघण्टासम्मको गतिमा वर्षा, आँधीबेहरी र तेज हावा चल्ने पूर्वानुमान गरेको छ।

## १२. IMD Delhi

आज बिहान दिल्लीमा वर्षासँगै मेघगर्जनसहितको हावाहुरी चलेपछि विगत केही दिनको उखुम गर्मीबाट मानिसहरूले राहत पाएका छन्। राष्ट्रिय राजधानी र वरपरका क्षेत्रहरूमा पनि ३० देखि ४० किलोमिटर प्रतिघण्टाको गतिमा तेज हावा चलेको रिपोर्ट गरिएको छ। मौसम विभागले शनिबारसम्म ओडिशा, उत्तरी तमिलनाडु, पुडुचेरी, कराइकल र दक्षिणी तटीय आन्ध्र प्रदेशका यानमका केही क्षेत्रमा तातो र आर्द्र मौसमको पूर्वानुमान गरेको  छ।

## १३. Sports News

अब खेल प्रसंगः आईपीएल क्रिकेटमा, मुम्बई इन्डियन्सले आज मुम्बईमा सनराइजर्स हैदराबादको सामना गर्नेछ। खेल अहिले साँझ ७:३० बजे मुम्बईको वानखेडे स्टेडियममा खेलिनेछ। मुम्बई अंक तालिकामा नवौं स्थानमा छ भने हैदराबाद चौथो स्थानमा छ। भारतले राष्ट्रमण्डल युवा तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपमा आफ्नो प्रभावशाली जीत दर्ता गरेको छ। आज सामोआको अपियामा भएको प्रतियोगिताको तेस्रो दिन भारतले एक स्वर्ण र तीन रजत पदक जितेको छ। भारतीय भारोत्तोलकहरुले प्रतियोगिताको दोस्रो दिन चार स्वर्ण पदक जितेका थिए।